# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भाग २, संख्या १०, मिति २०८२ फाल्गुन ३० गते


## भाग- २

## बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बौदीकाली आधारभूत अस्पतालमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको भत्ता सुविधा सम्बन्धी कार्यविधि , २०८२

**प्रस्तावना :**

यस गाउँपालिकाको बौदीकाली आधारभूत अस्पतालमा कार्यरत चिक्तिसक एवं स्वास्थ्यकर्मीहरु द्वारा प्रदान हुँदै आइरहेको स्वास्थ्य सेवा उपचार गुणस्तरीय रुपमा २४सै घण्टा  उपलब्ध गराउन, सेवालाई थप प्रभावकारी एवं सुदृढ बनाउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ११ को उपदफा ३ अनुसार साथै बौदीकाली आधारभूत अस्पताल संचालन कार्यविधि, २०८२ को दफा २९ ले दिएको अधिकार प्रयोग गरि बौदीकाली गाउँपालिका कार्यपालिकाको कार्यालयले यो कार्यविधि पारित गरि लागु गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

क. यो कार्यविधिको नाम "बौदीकाली आधारभूत अस्पतालमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको भत्ता सुविधा सम्बन्धी कार्यविधि , २०८२" रहेको छ ।

ख. यो कार्यविधि यस आर्थिक वर्ष २०८२/८३ देखि तुरुन्त लागु हुनेछ ।

२. <u>परिभाषाः</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका सम्झनुपर्छ ।

ख. "गाउँ कार्यपालिका" भन्नाले बौदीकाली गाउँ कार्यपालिका सम्झनुपर्छ ।

ग. " कार्यालय प्रमुख" भन्नाले बौदीकाली आधारभूत अस्पतालको कार्यालय प्रमुख सम्झनुपर्छ।

घ. "विशेषज्ञ चिकित्सक" भन्नाले चिकित्सा विषयमा स्नातकोत्तर उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भइ हाल बौदीकाली आधारभूत अस्पतालमा कार्यरत चिकित्सकलाई सम्झनुपर्छ।

ङ. "मेडिकल अधिकृत " भन्नाले चिकित्सा विषयमा स्नातक उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भइ हाल बौदीकाली आधारभूत अस्पतालमा कार्यरत चिकित्सकलाई सम्झनुपर्छ ।

च. "सार्वजनिक बिदा " भन्नाले शनिवार तथा नेपाल सरकार, गण्डकी प्रदेश सरकार र बौदीकाली गाउँपालिका स्थानीय सरकारले प्रदान गरेको बिदा सम्झनुपर्छ ।

## परिच्छेद – २

## अतिरिक्त समय कार्य गरेवापतको भत्ता उपलब्ध गराउने प्रक्रिया

३. चिकित्सक (विशेषज्ञ चिकित्सक र मेडिकल अधिकृत) लाई अतिरिक्त समय कार्य गरेवापतको भत्ता उपलब्ध गराउने प्रक्रिया :

१) कार्य गर्ने समय :

प्रत्येक दिनको २४ घण्टालाइ २ सत्र (सिफ्ट) मा सेवा संचालन गरिनेछ

क) दिवा सिफ्ट : बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म

ख) रात्री सिफ्ट : बेलुका ५ बजेदेखि भोलिपल्ट बिहान १० बजेसम्म

तर माथि जे लेखिएता पनि सेवा दिने स्वास्थ्य संस्थाले २४ सै घण्टा सेवा दिने गरि सामान्य हेरफेर गर्न सक्नेछ । त्यसको विवरण यस गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

२) आकस्मिक सेवामा खटिने चिकित्सकको व्यवस्था र वर्गीकरण

कार्यविधिको बुँदा १ बमोजिम सेवा दिन प्रत्येक दिवा सिफ्टमा कम्तिमा एक जना विशेषज्ञ चिकित्सक र मेडिकल अधिकृत खटिने छन । आवश्यकता अनुसार एक सिफ्टमा एक भन्दा बढी मेडिकल अधिकृत खट्न सक्नेछन । रात्री सिफ्टमा भने बढीमा एक जना विशेषज्ञ चिकित्सक र एक जना मेडिकल अधिकृत मात्र ड्युटीमा खटिने छन । रात्री सिफ्ट र सार्वजनिक बिदाको दिन कम्तिमा एक जना मेडिकल अधिकृत अनिवार्य ड्युटीमा (On duty) खटिनुपर्नेछ भने विशेषज्ञ चिकित्सक ड्युटीमा (On duty) वा अन कल (1st on call) खटिन सक्नेछन् |

३) रकम निर्धारण

सार्वजानिक बिदा बाहेकको अन्य दिनमा दिवा सिफ्टमा खटिएवापत कुनै सुविधा हुने छैन । रात्री सिफ्ट र सार्वजनिक बिदाको दिन ड्युटीमा खटिए वापत निम्न अनुसार रकम निर्धारण गरिनेछ ।

| | | On duty | 1st on call |
|---|---|---|---|
| Public Holiday – 24 hour duty (including 25% per day salary night allowance) (सार्वजनिक बिदा ) | विशेषज्ञ चिकित्सक | 100% per day salary | 75% per day salary |
| | मेडिकल अधिकृत | 75% per day salary | - |

| | | | |
|---|---|---|---|
| Night (रात्री सिफ्ट ) | विशेषज्ञ चिकित्सक | 75% per day salary | 50% per day salary |
| | मेडिकल अधिकृत | 50% per day salary | - |

४) बिदा सम्बन्धी व्यवस्था

अतिरिक्त समय काम गरेकोमा र सार्वजनिक बिदामा कामकाज गरेकोमा (आर्थिक सुबिधा – भत्ता नलिएमा मात्र ) त्यस्तो सट्टा बिदा तीन महिना भित्र लिई सक्नुपर्नेछ । संचित रहेको सट्टा बिदा तीन महिना भित्र नलिएमा सो सट्टा बिदा संचित रहने छैन । चिकित्सक हरेक सिफ्टको १ दिन मानी बिदा बस्न सक्नेछन |

५) रकम भुक्तानी अवधि

सट्टा बिदा र अतिरिक्त सेवा बिदा लिएको दिन कट्टा गरि बाँकी रहेको अतिरिक्त सेवा सिफ्टको प्रत्येक ६ महिनामा अस्पताल समितिको कोषबाट रकम भुक्तानी गरिनेछ । तर समितिको उक्त कोषमा आर्थिक स्रोतको अभाव भएमा गाउँपालिकाको स्वीकृत वार्षिक बजेटबाट भुक्तानी गर्न वाधा पर्ने छैन ।

६) रकम भुक्तानी माग गर्दा पेश गर्नुपर्ने कागजातहरु

क) कार्यालय प्रमुखले प्रमाणित गरेको ड्युटी लिस्ट को प्रतिलिपि

ख) कार्यालय प्रमुखले प्रमाणित गरेको हाजिर उतार को प्रतिलिपि

४. <u>**इमर्जेन्सी प्यारामेडिक्स र डेलिभरी SBA लाई अतिरिक्त समय कार्य गरेवापतको भत्ता उपलब्ध गराउने प्रक्रिया :**</u>

१) कार्य गर्ने समय :

प्रत्येक दिनको २४ घण्टालाइ ३ भागमा वर्गीकरण गरि ३ सिफ्टमा सेवा संचालन गरिनेछ

क) बिहानी सिफ्ट : बिहान ७ बजेदेखि दिउँसो १ बजेसम्म

ख) दिवा सिफ्ट : दिउँसो १ बजेदेखि रति ७ बजेसम्म

ग) रात्री सिफ्ट : राति ७ बजेदेखि भोलिपल्ट बिहान ७ बजेसम्म

तर माथि जे लेखिएता पनि सेवा दिने स्वास्थ्य संस्थाले २४ सै घण्टा सेवा दिने गरि सामान्य हेरफेर गर्न सक्नेछ । त्यसको विवरण यस गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

२) इमर्जेन्सी र डेलिभरी सेवामा खटिने स्वास्थ्यकर्मीको व्यवस्था र वर्गीकरण

रोस्टर बनाउँदा इमर्जेन्सी फाँटमा सिफ्ट ड्युटी गर्न र डेलिभरी फाँटमा सिफ्ट ड्युटी गर्न उक्त फाँटमा चार- चार स्टाफलाई सिफ्टमा ड्युटी गराईनेछ । कार्यविधिको बुँदा १ बमोजिम सेवा दिन प्रत्येक सिफ्टमा कम्तिमा एक जना स्वास्थ्यकर्मी खटिने छ । चार स्टाफ अभाव भएको खण्डमा उपलब्ध स्टाफको दोहोरो सिफ्ट रहने गरि रोस्टर तयार गरिनेछ ।

३) रकम निर्धारण र बिदा सम्बन्धी व्यवस्था

शनिवार बाहेकको सार्वजानिक बिदाको दिन ड्युटी गरेवापत सिफ्ट बराबर रु ३०० रकम भुक्तानी गरिनेछ वा आफ्नो ड्युटीको एक सिफ्ट सट्टा बिदा लिन पाइनेछ । कुनै स्टाफ बिदामा बसेको बेला अनिवार्य रुपमा प्रशासनलाई जानकारी गराउनु पर्नेछ | प्रशासन शाखाले निजको ड्युटी रिप्लेस गर्न बाहय कर्मचारी व्यवस्था गराउन सक्नेछ वा सिफ्टकै कर्मचारीलाई जिम्मा लगाउन सक्नेछ । जुनै अवस्थामा आफ्नो सिफ्ट बाहेक अतिरिक्त सिफ्ट गरेवापत प्रत्येक सिफ्ट बराबर रु ३०० रकम भुक्तानी गरिनेछ वा एक सिफ्ट सट्टा बिदा लिन पाइनेछ ।

४) रकम भुक्तानी अवधि

सट्टा बिदा र अतिरिक्त सेवा बिदा लिएको दिन कट्टा गरि बाँकी रहेको अतिरिक्त सेवा सिफ्टको प्रत्येक ६ महिनामा अस्पताल समितिको कोषबाट रकम भुक्तानी गरिनेछ । तर समितिको उक्त कोषमा आर्थिक स्रोतको अभाव भएमा गाउँपालिकाको स्वीकृत वार्षिक बजेटबाट भुक्तानी गर्न वाधा पर्ने छैन ।

५) रकम भुक्तानी माग गर्दा पेश गर्नुपर्ने कागजातहरु

क) कार्यालय प्रमुखले प्रमाणित गरेको ड्युटी लिस्ट को प्रतिलिपि

ख) कार्यालय प्रमुखले प्रमाणित गरेको हाजिर उतार को प्रतिलिपि

## ५. <u>सरसफाईकर्मी (का.स.) लाई अतिरिक्त समय कार्य गरेवापतको भत्ता उपलब्ध गराउने प्रक्रिया :</u>

१) कार्य गर्ने समय :

प्रत्येक दिनको २४ घण्टालाइ २ भागमा वर्गीकरण गरि २ सिफ्टमा सेवा संचालन गरिनेछ

क) दिवा सिफ्ट : बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म

ख) रात्री सिफ्ट : राति ७ बजेदेखि भोलिपल्ट बिहान ७ बजेसम्म

तर माथि जे लेखिएता पनि सेवा दिने स्वास्थ्य संस्थाले २४ सै घण्टा सेवा दिने गरि सामान्य हेरफेर गर्न सक्नेछ । त्यसको विवरण यस गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

२) खटिने कर्मचारीको व्यवस्था र वर्गीकरण

कार्यविधिको बुँदा १ बमोजिम सेवा दिन प्रत्येक सिफ्टमा कम्तिमा एक जना सरसफाईकर्मी खटिने छ । स्टाफ अभाव भएको खण्डमा उपलब्ध स्टाफको दोहोरो सिफ्ट रहने गरि रोस्टर तयार गरिनेछ ।

३) रकम निर्धारण र बिदा सम्बन्धी व्यवस्था

शनिवार बाहेकको सार्वजानिक बिदाको दिन ड्युटी गरेवापत सिफ्ट बराबर रु २०० रकम भुक्तानी गरिनेछ वा आफ्नो ड्युटीको एक सिफ्ट सट्टा बिदा लिन पाइनेछ । कुनै स्टाफ बिदामा बसेको बेला अनिवार्य रुपमा प्रशासनलाई जानकारी गराउनु पर्नेछ । प्रशासन शाखाले निजको ड्युटी रिप्लेस गर्न सिफ्टकै अर्को कर्मचारीलाई जिम्मा लगाउनेछ । जुनै अवस्थामा आफ्नो सिफ्ट बाहेक अतिरिक्त सिफ्ट गरेवापत प्रत्येक सिफ्ट बराबर रु ३०० रकम भुक्तानी गरिनेछ वा एक सिफ्ट सट्टा बिदा लिन पाइनेछ ।

४) रकम भुक्तानी अवधि

सट्टा बिदा र अतिरिक्त सेवा बिदा लिएको दिन कट्टा गरि बाँकी रहेको अतिरिक्त सेवा सिफ्टको प्रत्येक ६ महिनामा अस्पताल समितिको कोषबाट रकम भुक्तानी गरिनेछ । तर समितिको उक्त कोषमा आर्थिक स्रोतको अभाव भएमा गाउँपालिकाको स्वीकृत वार्षिक बजेटबाट भुक्तानी गर्न वाधा पर्ने छैन ।

५) रकम भुक्तानी माग गर्दा पेश गर्नुपर्ने कागजातहरु

ग) कार्यालय प्रमुखले प्रमाणित गरेको ड्युटी लिस्ट को प्रतिलिपि

घ) कार्यालय प्रमुखले प्रमाणित गरेको हाजिर उतार को प्रतिलिपि

## परिच्छेद – ३

## प्रोत्साहन सम्बन्धी व्यवस्था

६. चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको प्रोत्साहन सम्बन्धमा :

१ ) अस्पतालमा कार्यरत कर्मचारीहरुलाई अस्पतालको अन्तरिक आम्दानी र बीमा कार्यक्रम बाट प्राप्त आम्दानी बाट अनुसूची १ बमोजिम प्रोत्साहन भत्ता अस्पताल समितिको कोषबाट उपलब्ध गराइनेछ ।

२) एमडी/ एमसीएच उतीर्ण विशेषज्ञ चिकित्सकलाई थप प्रोत्साहन उपलब्ध गराउन अनुसूची १ ले वाधा पार्ने छैन ।

३) समितिले अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत र नर्स लगायत अन्य कर्मचारीहरुलाई औचित्य, आवश्यकता, उपलब्धता र प्राथमिकताको आधारमा सम्भव भएसम्म आवास सुविधा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद – ४

## विविध

७. सम्पूर्ण अभिलेख र प्रतिवेदन प्रचलित कानून बमोजिम हुनेछ ।

८. कार्यपालिकाले यस कार्यविधिमा आवयक संशोधन गर्न सक्नेछ ।

९. अन्य सबै प्रावधानहरु स्वास्थ्य सेवा ऐन र नियमावली अनुसार हुनेछ ।

# अनुसूची – १

## ( दफा ३ को उपदफा (१) संग सम्बन्धित )

## चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको प्रोत्साहन भत्ता

अस्पतालको आन्तरिक आम्दानीबाट :

| | कुल प्रोत्साहन प्रतिशत | चिकित्सक सबै एकमुस्ट | प्यारामेडिक सबै एकमुस्ट | नर्सिङ सबै एकमुस्ट | ल्याब कर्मचारी सबै एकमुस्ट | सरसफाईकर्मी (का.स.) सबै एकमुस्ट |
|---|---|---|---|---|---|---|
| दिवा ल्याब सेवा | २०% | ६% | ४% | - | ७% | ३% |
| रात्री ल्याब सेवा | ३३% | - | - | - | ३०% | ३% |
| इमर्जेन्सी र वार्ड सेवा | २०% | ५% | ८% | ५% | - | २% |
| USG सेवा | ५०% | ४०% | - | ७% | - | ३% |

स्वास्थ्य बीमा बोर्ड बाट प्राप्त भुक्तानी दावी रकमबाट कूल १०%

- सो १०% रकम लाई निम्न अनुसार भाग लगाउने
    - प्रत्येक चिकित्सक – २.५ भाग
    - मुख्य बीमा क्लेम फोकल पर्सन – २ भाग
    - ल्याब कर्मचारी – १.२५ भाग
      (ल्याब कर्मचारी एक जना भन्दा बढी भएको हकमा प्रत्येक ल्याब कर्मचारी लाई १ भाग मात्र)
    - प्रत्येक स्वास्थ्यकर्मी (प्यारामेडिक, नर्सिङ ) – १ भाग
    - प्रत्येक स्वास्थ्यकर्मी बाहेक अन्य कर्मचारी - ०.३३ भाग
    - प्रत्येक का. स. – ०.३३ भाग

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८२/११/३०**